سلسلة التعريف بالإسلام للمؤلف ٢

# इस्लाम विश्व व्यापी धर्म

[ **नेपाली -** Nepali - نيبالي ]

**अतीकुर्रहमान मो.इदरीस खान मक्की**

2013 - 1434

IslamHouse.com

# الإسلام الدين العالمي

« باللغة النيبالية »

عتيق الرحمن محمد إدريس خان مكي

2013 - 1434

IslamHouse.com

بسم الله الرحمن الرحيم

सर्वाधिकार लेखकमा सुरक्षित छ ।

पुस्तक पाइने ठेगाना -:
इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु
नगरपालिका
व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)
सम्पर्क नं. ००९७७-९८४७०३०७८०
९७२७६४९२३८
इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज
सउदी अरबीया

# लेखकको विचार

अलहम्दो लिल्लाहे नहमदोहु व नस्तईनोहु व नस्तगफिरहु व नऊजो बिल्लाहे मिन शोरूरे अनफोसेना व मिन सईयाते आमालेना, मैंयहदेहिल्लाहो फलामोजिल्ला लहु व मैंयुजलिल्हो फला हादिया लहु व अश्हदोअल्लाइलाहा इल्लल्लाहो व अश्हदो अन्ना मोहम्मदन् अब्दहु व रसूलहु । (अम्मा बअ्द)

हरेक प्रकारको प्रशंसा अल्लाहको लागि छ जसले सर्म्पूण ब्रह्माण्डलाई उत्पन्न गऱ्यो, र अल्लाहको शान्ति अवतरित होस् अन्तिम संदेष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम र उहाँको घर परिवार र साथीहरू माथि र उनी सबैहरू माथि जुन यस इस्लामको प्रचार प्रसार गरे र मुहम्मदको पद्धतिलाई उत्तम मानी उसै माथि हिंडी आफ्नो जीवन व्यतीत गरे ।

प्रस्तुत पुस्तक **इस्लाम विश्व व्यापी धर्म** वास्तवमा सर्वव्यापी धर्म हो, र पालनकर्ताले हाम्रो लागि रोजेको धर्म इस्लाम नै हो, र यो नै प्रत्येक संदेष्टाको धर्म थियो आदम देखि मुहम्मद समेत सबैको धर्म वास्तवमा इस्लाम नै हो, र यो धर्म नै सत्य धर्म हो, र अल्लाह यस बाहेक अरु धर्मलाई स्वीकार गर्ने छैनन् । उपरोक्तका यस्ता सबै कुराहरुलाई मैले यस पुस्तकमा प्रमाण सहीत पुष्टि गर्ने प्रयास गरेको छु ।

यो सानो पुस्तक तपाईहरु समक्ष राख्दा मलाई अति प्रसन्नताको आभाष भइरहेको छ कि म यस पुस्तकद्वारा सर्वव्यापी धर्मका केही विशेषताहरु तपाईहरुको सम्मुख राख्ने सौभाग्य प्राप्त गरेको छु । इस्लामबारे भ्रमित व्यक्तिहरुलाई इस्लामीय अदभुत निर्देशनहरु सित परिचय गराउने लक्ष्य लिई इस्लामका सामान्य ज्ञान यस पुस्तकमा उल्लेख गरेको छु,

आशा छ कि यस पुस्तकबाट भ्रमित व्यक्तिहरुलाई सत्मार्ग देखाउने छ, र उनीहरुको भ्रमलाई समाप्त गरी इस्लामको दर्शन गराउने छ।

मलाई आशा छ कि यो सानो पुस्तकबाट तपाईहरुलाई सत्यको ज्ञान हुने छ। र यो पुस्तक तपाईहरूको लागि लाभप्रद सिद्ध हुनेछ। अल्लाह सित विन्ती छ कि मेरो यो सानो प्रयासलाई कबूल गरी मेरो र मेरो घरपरिवारका समस्त सदस्यहरूको मुक्तिको माध्यम बनाउन्, र विशेष गरी मेरो आमा बुवालाई आफ्नो विशेष कृपाको पात्र बनाउन् जहाँहरुको मोह मायाले गर्दा नै म यस योग्य भएको छु कि अल्लाहको धर्मलाई सर्वसाधारण सम्म पुऱ्याऊँ र अनभिज्ञ एवं भ्रमित व्यक्तिहरुलाई सुमार्ग देखाऊँ। हे अल्लाह हाम्रा आमा बुवा र घरका अन्य सदस्यहरुलाई मक्ति प्रदान गरी स्वर्गमा स्थान प्रदान गर (आमीन)

**लेखक**

**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**

**कपिलवस्तु नगरपालिका वार्ड न.९ महुवा**

**तौलिहवा कपिलवस्तु नेपाल**

**मो.नं. ००९७७–९८४७०३०७८०**

**Mob.00977-9847030780**

बिस्मिल्लाहिर्रहमानिर्रहीम

यस संसारमा विभिन्न प्रकारका धर्महरु छन्, त्यस मध्ये कतिपय मनुष्यले बनाएका मिथ्या धर्म हुन्, त कतिपय ईश्वरीय धर्म ।

र ईश्वरीय धर्म पनि यस्तो छन् कि अधिकतम धर्महरुलाई मनुष्यले परिवर्तित गरिहालेका छन् जस्तो कि ईसाई, यहूदी धर्म... आदि ।

तर यस संसारमा एउटा यस्तो धर्म पनि छ जसको एउटा अक्षर पनि परिवर्तन भए छैन, त्यो धर्म हो इस्लाम । इस्लाम अल्लाहद्वारा अवतरित गरिएको सबै भन्दा उत्कृष्ट र सर्वोत्तम धर्म हो, र इस्लामद्वारा नै अल्लाहले अघिका सम्पूर्ण धर्मलाई निलम्भित गऱ्यो । र यस धर्ममा जीवन व्यतीत गर्ने सम्पूर्ण निर्देशनहरु स्पष्ट रूपले वर्णन छन् ।

अल्लाहले यस संसारको संरचना गऱ्यो र यसमा बस्ने समस्त जीवजन्तु चरा पखेटा अर्थात सबै कुरालाई उत्पन्न गऱ्यो, र उनीहरुको समस्या आदिको पनि स्रष्टा पनि त्यो अल्लाह नै हो, त के त्यस स्रष्टालाई त्यो समस्याहरुबारे थाहा छैन जुन मानवलाई आई पुग्छ जब कि त्यो नै सबै समस्याको अविष्कारी हो ? अवश्य त्यसलाई सबै समस्याहरुको ज्ञान छ र त्यसको निवारण पनि त्यही नै गर्छ । अल्लाहको फर्मान छ :

अर्थ : के त्यो जान्दैन जसले जन्माएको छ ? जबकी त्यो सूक्ष्मदर्शी र सर्वज्ञ छ । ( सूरतुल् मुल्क १४ )

यदि कुनै धर्म अपनाउने योग्य छ भने त्यो धर्म हो **इस्लाम** किनकी यस धर्ममा हरेक जीवधारीको संसारिक र परलोकिक जीवनको लाभदायक कुराहरु वर्णन छन् । र सोही माथि कर्म गरी समस्त ब्रह्माण्डको कल्याण हुन सक्छ किनकी यस धर्मको निर्माता अल्लाह नै हो, र सोहीले यस धर्मलाई आफ्नो सृष्टिको लागि रोजेको छ । अल्लाहको भनाई छ :

अर्थ : निःसन्देह अल्लाहको नजिक इस्लाम नै साँचो एवं सर्वोत्तम धर्म हो । ( सूरतु आले इम्रान १९ )

यस धर्मका विशेषताहरु नगन्य छन् तर केही विशेषताहरु द्वारा यो सिद्ध गर्ने प्रयास गर्छु । र यो सिद्ध गर्छु कि इस्लाम नै विश्व व्यापी धर्म हो, र यसैको निर्देशनलाई अपनाई लोक परलोकमा सफल हुन सकिन्छ ।

अल्लाहको फर्मान छ :

अर्थ : आज हामीले तिमीहरुको लागि तिम्रो धर्मलाई पूर्ण गरिदिएँ, र तिम्रा लागि आफ्ना अनुकम्पाहरु पूर्ण गरिदिएँ, र तिमीहरुको लागि इस्लामलाई रोजें । ( सूरतुल् माइदः ३ )

यस इस्लाम धर्मको सर्वप्रथम विशेषता यो हो कि यो अल्लाहद्वारा निर्मित धर्म हो, यदि कसै मनुष्यले धर्मलाई रचेको भए त्यसमा त्रुटि हुन सक्छ, तर समस्त संसारको रचयता र पालनकर्ताले निर्माण गरेको धर्ममा कदापि त्रुटि एवं कमी कम्जोरी हुन सक्दैन । र आर्को कुरो यो पनि छ कि यस धर्मलाई जुन संदेष्टा माथि अवतरित गरियो त्यो संदेष्टा पनि निरक्षर थिए, यो यस कारण कि कदाचित

दुनियावालाहरु द्वारा यो  न भनियोस् कि कुरआन यस संदेष्टाले नै रचेर ल्याएका हुन् । र यसको साथ साथै अल्लाहले उहाँ सल्लल्लाहो अलैहे वसल्लमलाई यो आदेश पनि गरेका थिए कि उहाँमाथि इस्लामी निर्देशन अनिवार्य गरिएको छ र त्यसमा थपघट गर्ने अनुमति कसैलाई पनि छैन र नत कोही पनि त्यसमा थपघट गर्न सक्ने छ । अल्लाहको फर्मान छ :

अर्थ : निःसंदेह हामीले नै कुरआन उतारेका छौं, र हामी नै यसको संरक्षक हौं । ( सूरतुल् हिज्र ९ )

आज सम्म कसैले पनि यस इस्लाममा थपघट गर्न सकेको छैन यो धर्मका निर्देशनहरु उस्तै छन् जस्तो आज भन्दा लगभग १५०० वर्ष अघि थिए । र मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमले जति पनि निर्देशनहरु प्रस्तुत गरेका थिए सबै अल्लाहले अवतरित गरेका थिए उहाँ सल्लल्लाहो अलैहे वसल्लमले एक अक्षर पनि थपघट गरेका थिएनन् । अल्लाहको फर्मान छ :

अर्थ : र उनी आफ्नो इच्छाले केही भन्दैनन् त्यो त मात्र वह्य (प्रकाशना) हो जुन उहाँमाथि पटाइँदै छ । ( सूरतुन् नज्म ३,४ ) । अर्थात कतिपय जना यो भन्छन् कि कुरआन मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको वाणी हो, र उहाँले नै यसलाई रचेका हुन् । तर उनीहरुलाई यो थाहा छैन कि विज्ञानले आफ्नो जटिल र आधुनिक यन्त्रहरु द्वारा जुन कुराहरुको पत्ता हालै २१ एक्कैसौं शताब्दीमा लगाएका छन् त्यसलाई मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमले आज देखि १५०० वर्ष अघि नै बताई सकेका

छन् । जसरी गर्भमा भ्रुणको क्रमश: वृद्धिको अवस्था, वर्षाको क्रमश:अवस्थाहरु, सूर्य चन्द्रको परिक्रमा... आदि । के जुन कुरालाई हालै वैज्ञानिकहरुले आधुनिक यंत्रहरुद्वारा पत्ता लगाएका छन् मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमले आफै पत्ता लगाई भनेका थिए ? अनि दोस्रो कुरो के छ भने त्यस युगमा त यस्ता आधुनिक यन्त्रहरु पनि थिएन अनि मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम निरक्षर पनि थिए अनि यस्ता कुराहरु उहाँलाई कसरी थाहा भयो ?

यस कुरामा विचार गर्दा यो स्पष्ट हुन्छ कि वास्तवमा कुरआन ईश्वरीय ग्रन्थ र अल्लाहको वाणी हो, र इस्लाम धर्म ईश्वरीय धर्म हो ।

र म आफ्ना पाठक विन्दहरु सित यो सादर अनुरोध गर्छु कि कुरआनको व्याख्या एक पटक अवश्य पढ्नुहोला सत्यता स्पष्ट भई हाल्छ ।

आदर्णीय पाठक विन्द ! म तपाईहरु समक्ष इस्लामका केही विशेषताहरु राख्नेक्रमलाई अगाडी बढाउँदै यो सिद्ध गर्छु कि यो धर्म नै सर्वश्रेष्ठ धर्म हो ।

इस्लामको यो विशेषता हो कि मात्र एक पूज्यमा विश्वास राख्ने आव्हान गर्छ जसले गर्दा भक्ति सरल भइहाल्छ । यदि धेरै पूज्य भएको भए कस कसलाई पूज्नु र प्रसन्न गर्नु, यो एउटा अप्ठ्यारो कुरो हुन्थ्यो, तर एक अल्लाहलाई पूज्नु र त्यसको उपासना एवं अराधना गर्नु अति सरल हुन्छ, र भक्तलाई यो पनि थाहा हुन्छ कि म त्यस एक्लो स्रष्टाको पूजा अराधना गरिरहेको छु जसले

मलाई सृष्टि गरेको छ, अन्ततः त्यसको आस्था आफ्नो पूज्यमाथि सुदृढ भइजान्छ ।

र यसैसाथ इस्लामको यो पनि विशेषता हो कि पूजा गर्ने पद्धति र तरिका पनि बताएको छ र त्यो हो मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको पद्धति र तरिका । हामीलाई अल्लाहको उपासना उस्तै गर्नुपर्छ जसरी अन्तिम संदेष्टा हजरत मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमले गर्नु भएछ ।

अधिकतम् धर्महरुमा यो देखिन्छ कि त्यस धर्मका अनुयायीहरुको एउटा समूहको पूजा गर्ने तरिका आर्को समूहबाट भिन्न हुन्छ । तर इस्लाममा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको तरिका बाहेक कुनै तरिका मान्य छैन । अल्लाहको फर्मान छ :

अर्थ : हे मुहम्मद (सल्लल्लाहो अलैहे वसल्लम) भनिदिनुस् कि यदि तिमीहरु अल्लाहलाई प्रेम गर्छौ भने मेरो अनुशरण गर, अल्लाहले तिमीहरुलाई प्रेम गर्ने छन् । ( सूरतु आले इम्रान ३१ ) र रसूल सल्लल्लाहो अलैहे वसल्लमको भनाई छ :

अर्थ : जसले यस्तो कार्य गऱ्यो जसलाई हामीले गरेका छैनौं त्यो अस्वीकार्य छ ( मरदूद छ ) ( बुखारी, मस्लिम )

र आर्को हदीसमा छ ।

अर्थ : जसले हाम्रो यस धर्ममा कुनै नौलो कार्य अविष्कार गऱ्यो जुन यस धर्म मध्येको होइन, त त्यो कार्य अमान्य छ । ( बुखारी, मुस्लिम )

र जस नबीको तरिका बमोजिम कर्म गर्ने आदेश छ त्यस नबीको विशेषताहरु पनि नगन्य छन् । त्यो संदेष्टा समस्त संसारको लागि साक्षात रहमत ( दया ) हो, र त्यसको वर्णन विगतका आकास्मिक ग्रन्थहरुमा उल्लेखित छ चाहे त्यो ईसाईहरुको बाइबल ( न्यू टेस्टामेन्ट ) होस् वा यहूदीहरुको तौरात ( ओल्ड टेस्टामेन्ट ) होस् , वा हिन्दूहरुको वेद सबै ग्रन्थहरुमा उहाँको भविष्यवाणी पाइन्छ । अर्थात उहाँ समस्त धर्मका धर्मावलम्बीहरुको लागि रहमत थिए । अल्लाहको फर्मान छ :

अर्थ : हे मुहम्मद ( सल्लल्लाहो अलैहे वसल्लम ) हामीले तपाईलाई सम्पूर्ण जगतको निम्ति सर्वथा दयाको प्रतीक बनाएर पठाएका छौं । ( सूरतुल् अम्बिया १०७ )

र ईसा अलैहिस्सलामले रसूल सल्लल्लाहो अलैहे वसल्लमको जुन भविष्यवाणी गर्नु भएको थियो त्यसलाई कुरआनले यसरी वर्णन गरेछ ।

अर्थ : र जब मरियमको छोरा ईसा (अलैहिस्सलाम) ले भने : कि हे मेरो कौम बनी इस्राईल ! म तिमी सबैको लागि अल्लाहबाट पठाइएको रसूल हूँ । म भन्दा पहिलेको किताब तौरातको प्रमाणिकरण गर्नेवाला हूँ । र म पछि आउने एउटा संदेष्टा जसको नाम अहमद हुनेछ उनको शुभागमनको शुभ सन्देश सुनाउँछु । ( सूरतुस्सफ्फ ६ )

यस्तै उहाँ सल्लल्लाहो अलैहे वसल्लम उत्तम आचरणका मानिस थिए, साँचो थिए, उपकारी थिए, बलवान र दयावान थिए, सबैसित मेलमिलाप गर्ने र गराउनेवाला थिए, कदापि अभिमान गर्दैनथे, कसैलाई पनि

दु:ख दिदैनथे, र कसैलाई दुखी देखी आफू पनि दुखी भइहाल्थे । उहाँ सल्लल्लाहो अलैहे वसल्लमको साथी हजरत अनस रजीअल्लाहो अन्होले भन्नु हुन्छ कि " उहाँ सल्लल्लाहो अलैहे वसल्लम सबै भन्दा राम्रो आचरणवान हुनु हुन्थ्यो " । ( मुस्लिम हदीस नं. ५७४७ )

र सबै भन्दा उत्कृष्ट विशेषता हो उहाँ सल्लल्लाहो अलैहे वसल्लम सबै संदेष्टाहरु भन्दा श्रेष्ठ थिए, र प्रत्येक सन्देशवाहक केवल अआफ्ना समुदायको लागि पठाइए, तर मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम सम्पूर्ण जगतको लागि पथप्रदर्शक बनाइएर पठाइए । र सबै दूतहरु एउटा सीमित र निर्धारित समय र अवधिको लागि आए तर मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम महाप्रलय सम्मको लागि आए । अर्थात मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम यो संसार क्षतविक्षत नभए सम्मको लागि रसूल बनाइएर पठाइए । उनी रसूलहरुको समापक हुन् तसर्थ जब सम्म यस संसारमा एउटा पनि मानव बाँकी रहोस् उनैको दूतत्वको छत्रछायामा रही कर्म गर्नु अनिवार्य छ । अल्लाहको फर्मान छ :

अर्थ : हे मानिसहरु ! मुहम्मद ( सल्लल्लाहो अलैहे वसल्लम ) तिमी मध्ये कसैको पनि पिता होइनन् बरु उनी अल्लाहका रसूल र नबीहरुका समापक हुन् । ( सूरतुल् अहजाब ४० )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

अर्थ : हे मुहम्मद ( सल्लल्लाहो अलैहे वसल्लम ) हामीले तपाईलाई सबै मानिसहरुको लागि शुभसूचक र

सावधान गर्नेवाला बनाएर पठाएका छौं । ( सूरतु सबा २८ )

उहाँका विशेषताहरु पनि यति छन् कि गिन्न सकिन्न, यस्तो महान नबीको अनुशरण गर्ने आदेश गरिएको छ, र उनैको तरिका बमोजिम जीवन व्यतीत गर्ने हुकुम छ । आहा कति राम्रो छ , अल्लाह पनि एक रसूल पनि एक कुरआन पनि एक र तरिका एवं पद्धति पनि एउटै, कस्तो राम्रो रहेछ इस्लाम धर्म । तसर्थ जसले पनि इस्लाम बाहेक कसै आर्को धर्मको अनुशरण गर्छ त्यो निःसंदेह पथभ्रमित र पथविचलित छ र त्यो निस्संदेह लोक परलोकमा घाटा बिहोर्नेवाला छ । अल्लाहको फर्मान छ :

अर्थ : अब जहिले पनि मेरो तर्फबाट मार्गदर्शन जाने छ तब जसले मेरो मार्गदर्शनको अनुपालन गर्दछ । ऊ नत पथभ्रष्ट हुनेछ र न कष्टमा पर्नेछ। र जसले मेरो स्मृतिबाट विमुख हुनेछ त्यसको जीवन कष्टमय हुनेछ र कियामतको दिन ( प्रलयको दिन ) त्यसलाई हामीले अन्धा बनाएर उठाउने छौं । ( सूरतु ताहा १२३,१२४ )

र यस्तै इस्लमको विशेषताहरु मध्ये स्पष्टता र सरलता पनि हो, यो धर्म बिल्कुलै सपष्ट छ प्रत्येक व्यक्ति यसलाई बुझ्न सक्छ । र यति सरल छ कि प्रत्येक व्यक्ति यसको निर्देशन अनुसार कर्म गर्न सक्छ। अल्लाहको भनाई छ :

अर्थ : यो स्पष्ट ग्रन्थका आयतहरु ( श्लोकहरु ) हुन् । ( सूरतु यूसुफ १ )

यसै कारण अल्लाहले प्रत्येक मानिसलाई कुरआन पढ्नु र त्यसमा चिन्तन मनन् गर्नुको अव्हान गरेको छ । अल्लाहको फर्मान छ :

अर्थ : त के उनीहरु कुरआनमा सोचविचार गर्दैनन् वा उनीहरुको हृदयमा ताल्चा लागेको छ । ( सूरतु मुहम्मद २४ )

अल्लाहले कुरआनमा धेरै ठाउँमा चिन्तन मनन् गर्ने आदेश दिएको छ । यदि कुरआन नबुझ्ेको भए कसरी अल्लाह त्यसमा विचार गर्ने आदेश दिन्थ्यो । यो कुरआन त सबैको लागि लाभदायक एवं ज्ञानवर्द्धक छ । कुरआन यति सरल छ कि त्यसलाई बच्चा पनि पढ्न र कंठ गर्न सक्छ ।

अल्लाहको कुरआनमा आदेश छ कि आफ्नो शरीर माथि विचार गर, ब्रह्माण्ड माथि विचार गर, सम्पूर्ण सृष्टिमाथि विचार गर, र ध्यान देऊ कि कसले यस्तो संतुलित सृष्टि, ब्रह्माण्ड, चराचुंगी, परपखेटा, आदिलाई जन्मायो ?

र मात्र अल्लाहको वाणी मात्र होइन बरु रसूल सल्लल्लाहो अलैहे वसल्लमको वाणी पनि अति सरल छ । र अल्लाह र रसूलको वाणीलाई नै इस्लाम भनिन्छ, र सत्मार्ग पनि भनिन्छ । र इस्लामको सरलताको प्रमाण उसका सरल र स्पष्ट निर्देशनहरु हुन् जसमा कुनै बाङ्गोपना छैन प्रत्येक निर्देशन आफ्नो ठाउँमा सुदृढ छ, र प्रत्येक प्रश्नको उचित उत्तर दिन्छ । तर अरु धर्ममा हेर्दाखेरि त्यहाँ यस्तो स्पष्टता मिल्दैन । अर्थात त्यहाँ एक

निर्देशन आर्को निर्देशन विरुद्ध देखिन्छ, र निर्देशनहरुमा कुनै तालमेल हुँदैन, र पढ्नेवाला मान्छे भ्रमित भई कुनै निष्कर्षमा पुग्दैन ।

र त्यस धर्मका विद्वानहरु पनि ती निर्देशनहरु द्वारा उत्पन्न भएका समस्याहरुको समाधान गर्न सक्दैनन्, किनकी विद्वानहरु पनि निर्देशनलाई पूर्णतः बुझ्दैनन् । यसै कारण विद्वानहरु भन्छन् कि तिमीहरु यो निर्देशनहरुलाई बुझ्न सक्दैनौ, यदि त्यस धर्मका अनुयायीहरु नै धर्मका निर्देशनहरुलाई बुझ्न सक्दैनन् भने यस्तो धर्मको के लाभ ?

तर यस विपरीत इस्लाममा प्रत्येक समस्याको समाधान छ, हर प्रश्नको उत्तर छ । जसरी ती असाधारण प्रश्नहरु जुन मनुष्यको हृदयलाई व्याकुल गरिदिन्छ र त्यसलाई असमंजसको अवस्था सम्म पुगाई दिन्छ । जसरी स्रष्टाले सृष्टिलाई किन उत्पन्न गऱ्यो ? यस ब्रह्माण्डलाई किन उत्पन्न गऱ्यो ? मृत्यु र जीवनको अर्थ के हो ? मृत्यु पश्चात के हुन्छ ? परम् शान्ति कसरी मिल्छ ? ...........आदि

यी यस्ता महत्वपूर्ण प्रश्नहरु हुन् जसको उत्तर मात्र इस्लाम धर्ममा स्पष्टरूपले वर्णन गरिएको छ ।

अल्लाहले ब्रह्माण्डलाई हाम्रो परीक्षाको निम्ति उत्पन्न गऱ्यो । र सम्पूर्ण सृष्टि जस्तो सूर्य, चन्द्र, वायु, पानी, जीव जन्तु, आगो ... आदिलाई मनुष्यको उपभोगको लागि सृष्टि गऱ्यो । र हामीलाई जीवन प्रदान गऱ्यो यसको उद्देश्य मात्र यो हो कि हामी त्यस निरआकार अल्लाहको पूजा

अराधना गरौं । र मृत्यु पश्चात हाम्रो हिसाब किताब हुने छ, र स्वर्ग र नर्क हाम्रो लागि नै बनाइएको छ सुकर्मीहरुलाई स्वर्ग र कुकर्मीहरुलाई नर्क मिल्ने छ । र यदि हामीलाई अनन्त शान्ति चाहिन्छ भने इस्लामी निर्देशनको पालना गरौं लोक परलोकको शान्ति प्राप्त भइहाल्छ । अर्थात उपरोक्तमा वर्णन गरिएका प्रश्नहरु जस्ता सबै प्रश्नको उत्तर इस्लाममा पाइन्छ ।

र यस्तै इस्लामको विशेषता मध्ये प्राकृतिक हुनु पनि हो । इस्लाम प्राकृतिक धर्म हो, यो धर्म मनुष्यको स्वभाव अनुकूल छ किनकी मनुष्य स्वभाविक रूपले राम्रो र स्वच्छ वस्तुलाई मन पराउँछ, र नराम्रो र फोहोरबाट घृणा गर्छ । ठीक यस्तै इस्लाम राम्रो कार्यलाई गर्ने आदेश दिन्छ, र कुकर्मबाट रोक्छ, राम्रो र स्वच्छ कुरा खाने आदेश गर्छ, र अपवित्र र हानिकारक कुराहरु खानुबाट रोक्छ । र यही संदेश दिएर अल्लाहले आफ्नो अन्तिम सन्देष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमलाई यस जगतमा पठायो । अनि उहाँ सल्लल्लाहो अलैहे वसल्लमले यस्ता कार्यहरुको आदेश गरे जुन मनुष्यको लागि लोक परलोकमा लाभदायक होस् , र ती सबै कुकर्महरुबाट रोक्नु भयो जसमा मनुष्यको हानि नीहित छ । अल्लाहको फर्मान छः

अर्थ : जुन मानिसहरूले यस्ता रसूल, नबी उम्मी ( निरक्षर) को अनुशरण गर्छन्, जसलाई उनीहरूले आफुकहाँ तौरात र इन्जीलमा लेखिएको पाउँछन् । उनले उनीहरूलाई असल कुराको आदेश गर्दछन् र नराम्रा कुराहरूबाट मनाही गर्दछन् र स्वच्छ कुरालाई हलाल (

ग्राह्य) बताउँछन् र अपवित्र कुरालाई हराम (वर्जित) बताउँछन् र तिनीहीरु माथिबाट त्यो बोझ उतार्दछन् जुन अहिलेसम्म उनीहरू माथि लादिएका थिए बन्धनहरूलाई फुक्का गर्दछन् जसमा उनीहरू जकडिएका थिए । अत : जो मानिसहरू त्यस नबीमा विश्वास गर्दछन् र उनको समर्थन गर्दछन् र उनको सहायता गर्दछन्, र त्यस प्रकाशलाई मान्दछन् जो उनको साथमा पठाइएको छ । यस्ता मानिसहरू पूर्ण सफलता प्राप्त गर्नेवाला छन् । ( सूरतुल् अअ्राफ १५७ )

र रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो :

अर्थ : प्रत्येक मनुष्य अल्लाहको फितरत ( प्राकृतिक सुमार्ग ) माथि नै जन्मदेखि अग्रसर हुन्छ यहाँ सम्म कि संसारिक लोभ लाल्सा उसलाई परिवर्तित गरिदिन्छ । र बुखारीको हदीसमा छ कि प्रत्येक शिशु अल्लाहको फितरत माथि जन्मन्छ फेरि उसको बाबु आमा उसलाई यहूदी अथवा ईसाई एवं मजूसी बनाई दिन्छन् । ( बुखारी, किताबुल जनाइज )

अर्थात प्रत्येक मनुष्य प्राकृतिक रूपमा सत्यलाई रुचाउँछ र असत्यलाई रुचाउँदैन, तर मोह माया र सांसारिक लोभ लाल्सामा लागेर अधर्मी भई नराम्रो कार्यहरु गर्न थाल्छ । र आफ्नो आत्मालाई कलंकित गरिहाल्छ । फेरि कुकर्ममा यस्तो व्यस्त हुन्छ कि कुकर्मलाई कुकर्म मान्दैन, त्यसलाई शैतान भ्रमित गरिदिन्छ, र अल्लाहको तिरस्कारको पात्र बनाई दिन्छ जस्तो कि शैतान स्वयम् तिरस्कृत छ ।

हे मानवजाति ! सत्य पथलाई पत्तयाऊ र उसैमाथि अग्रसर रही आफ्नो उद्धार गर्ने प्रयत्न गर ।

र यस्तै इस्लाम धर्म बुद्धिमत्ताको धर्म हो । इस्लामका निर्देशनहरु बुद्धिमत्ताले परिपूर्ण छन् । सबैको अकल र विवेकमा आउनेवाला हुनुको साथ साथै बुद्धि र विवेकलाई समर्थन पनि गर्छन् र बुद्धिमानहरुलाई सृष्टि माथि विचार गर्नुको प्रेरणा पनि दिन्छन् ।

यस संसारमा यस्ता अनेकौं धर्महरु छन् जसका निर्देशनहरुले मनुष्यको अकललाई हैरान पारेका छन्, यसै कारण मनुष्य असंतुष्ट भई भ्रमित छ । तर इस्लामको यो महानता हो कि त्यो स्वच्छ एवं शुद्ध बुद्धिको समर्थन गर्छ, र कुरआन एवं हदीसमा जति पनि निर्देशनहरु छन् सबै बिशुद्ध ज्ञान र बिशुद्ध अकल अनुकूल छन् ।

इस्लामी निर्देशनमा हेर्दाखेरि हामीलाई यो थाहा हुन्छ कि इस्लाम बुद्धिमत्तापूर्ण प्रमाणहरुबाट इस्लामी आस्थालाई सिद्ध गर्छ । उदाहरण स्वरूप पुनर्जन्मलाई अल्लाहले यस्तो सिद्ध गरेछ कि  जस्तो मृत धरती छ अल्लाह वर्षा गरी त्यसलाई पुनः जीवित पार्छ अनि त्यो धरती फलफूल उब्जाउँछ , फेरि त्यो फलफूल, गहुँ आदि पहेलो भई हाल्छ, अनि भूसा (चारा) जस्तो भई हाल्छ । त हे विवेकीहरु जसले धरती र फलफूल बोट बिरुवासंग यस्तो गर्न सक्छ त्यो महान शक्तिमान हामीलाई उस्तै पुनर्जीवन दिन सक्दैन ? हो अवश्य दिन सक्छ । अल्लाहको फर्मान छ :

अर्थ : हे मानिसहरू ! आफ्नो पालनकर्ताको उपासना गर जसले तिमी र तिमी भन्दा पहिलाका मानिसहरूको सृष्टि गऱ्यो ताकि तिमीहरू सदाचारी बन्न सक । जसले तिम्रो लागि पृथ्वीलाई ओछ्यान र आकाशलाई छत बनायो र आकाशबाट वर्षा गराएर त्यस द्वारा तिम्रो आहारको निम्ति थरि-थरिका फल-फूल उत्पादन गऱ्यो । खबरदार ! जानी-जानी कसैलाई अल्लाहको साझेदार नबनाऊ । ( सूरतुल् बकरः २१,२२ )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

अर्थ : यिनीहरू समक्ष संसारको जिन्दगीको उदाहरण पनि वर्णन गर्नुस् (त्यो यस्तो छ) जस्तै पानी जसलाई हामी आकाशबाट वर्षायौं त यसबाट पृथ्वीको वनस्पति उम्रयो फेरि टुट फुट भएर घना भई परस्पर गुथिहाले तर त्यसलाई हावाले उडाई दिन्छ अल्लाह नै हरेक कुरो माथि सामर्थ्यवान छ । ( सूरतुल् कहफ ४५ )

र एउटा आर्को उदाहरण अल्लाहले बुद्धिमानहरुको लागि वर्णन गरेको छ :

अर्थ : तपाईं सोध्नुस्ः “कि आकाशहरू र पृथ्वीको पालनकर्ता को हो ?”। भनि दिनुस् ! “अल्लाह” । सोध्नुस्ः ! “के तिमी फेरि पनि उस बाहेक अरुलाई सहयोगी बनाई रहेका छौ ? जो स्वयं आफ्नो जीव ज्यानको राम्रो नराम्रोबारे कुनै अख्तियारी राख्दैनन्” । सोधः “के अन्धो र आँखा वाला वराबर हुन सक्छन् ? के अन्धकार र प्रकाश समान हुन सक्छ ? के जसलाई उनी अल्लाहको साझेदार ठहऱ्याई रहेका छन, उनले पनि अल्लाह जस्तै प्राणीहरू

निर्माण गरेका छन्, जसले उनको दृष्टिमा निर्माणका फर्क शंकाको घेरा भित्र आइसकेको छ'', भनि दिनुस्: ''मात्र अल्लाह नै सबै प्राणीहरूको जन्मदाता हो त्यो एक मात्र एक्लो छ र विशाल शक्तिशाली छ।'' उसैले आकाशबाट पानी बर्सायो फेरि आफ्नो-आफ्नो क्षमता अनुसार खोलाहरू बग्न थाले, फेरि पानीको भेलले माथि चढेको कूडालाई बगाएर लग्यो। र यस्तै फींज त्यस धातुमा पनि उठीहाल्छ जुन आगोमा हालेर खारिए पछि आभूषण वा अर्को ( सजावटका) समान बन्दछन् । यस्तै किसिमले अल्लाह सत्य-असत्यको उदाहरण प्रस्तुत गर्दछ, । अब फीज त व्यर्थ भएर बगी हाल्छ, परन्तु जुन मान्छेलाई फाइदा पुऱ्याउने वस्तु छ, त्यो पृथ्वीमा अडी रहन्छ। अल्लाह यस्तै उदाहरणको वर्णन गर्दछ। ( सूरतु रअद १६,१७ )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

अर्थ : र उही हो जसले जीवन प्रदान गर्दछ, र मृत्यु दिन्छ र एकपछि अर्को आउने रात र दिन उसैको अधिकारमा छ, के तिमीले बुझ्दैनौ ? ( सूरतुल् मुमिनून ८० )

यस जस्ता सैकडौं उदाहरणहरु कुरआनमा वर्णन छन् जुन मानिसलाई प्रेरित गर्छन् कि मानिस सृष्टिमा विचार गरोस् र सत्यलाई अङ्गीकार गरोस् ।

हे प्रिय पाठकहरु ! यदि तपाईहरु इस्लामी निर्देशनहरु माथि विचार गर्नु हुन्छ भने यो पत्तयाउनु हुन्छ कि त्यो सबै कार्य जसलाई हाम्रो मस्तिष्क राम्रो ठान्दछ इस्लामले त्यसलाई वैध गरेको छ,र जसलाई नराम्रो ठान्दछ त्यसलाई

अवैध गरेको छ । जसरी त्यो सबै कुराहरुलाई वैध गरेको छ जुन कुराहरु हाम्रो स्वास्थको लागि लाभदायक छन् । र त्यो सबै कुरा र कार्यहरुलाई अवैध गरेको छ जुन हाम्रो स्वस्थको लागि हानिकारक छन् । अल्लाहको फर्मान छ :

अर्थ : हे ईमानवालाहरू ! मदिरा, जुआ बलिस्थान र शगुण पासा यी सबै अपवित्र र शैतानी कुराहरू मध्येका हुन् तसर्थ यिनीबाट टाढा रहनु ताकि मुक्ति प्राप्त गर्न सक । ( सूरतुल् माइद: ९० )

र आर्को ठाउँमा अल्लाहको कथन छ :

अर्थ : जुन मानिसहरूले यस्ता रसूल, नबी उम्मी ( निरक्षर) को अनुशरण गर्छन्, जसलाई उनीहरूले आफुकहाँ तौरात र इन्जीलमा लेखिएको पाउँछन् । उनले उनीहरूलाई असल कुराको आदेश गर्दछन् र नराम्रा कुराहरूबाट मनाही गर्दछन् र स्वच्छ कुरालाई हलाल ( स्वीकार्य) बताउँछन् र अपवित्र कुरालाई हराम (वर्जित) बताउँछन् र तिनीहीरु माथिबाट त्यो बोझ उतार्दछन् जुन अहिलेसम्म उनीहरूमाथि लादिएका थिए बन्धनहरूलाई फुक्का गर्दछन् जसमा उनीहरू जकडिएका थिए । अत : जो मानिसहरू त्यस नबीमा विश्वास गर्दछन् र उनको समर्थन गर्दछन् र उनको सहायता गर्दछन्, र त्यस प्रकाशलाई मान्दछन् जो उनको साथमा पठाइएको छ । यस्ता मानिसहरू पूर्ण सफलता प्राप्त गर्नेवाला छन् । ( सूरतुल् अअ्राफ १५७ )

अर्थात यस जस्ता धेरै इस्लामी निर्देशनहरु छन् जुन मानिसले मनपराउने स्वच्छ कुराहरुलाई उपभोग गर्ने आदेश निन्छन्, र अपवित्र कुराहरुबाट रोक्छन् ।

त हे मानवजाति ! कोही छ जुन सिक्षा ग्रहण गरोस् ? कोही छ जुन सत्य पथलाई स्वीकार गरोस् ? कोही छ जुन आफ्नो उद्धार गरोस् ? कोही छ जुन आफ्नो स्रष्टालाई प्रसन्न गरी स्वर्गको अधिकारी बनोस् ?

यस्तै इस्लामको विशेषताहरु मध्ये दया गर्नु पनि एक महत्वपूर्ण विशेषता हो । इस्लाम दया एवं क्षमाको धर्म हो, करुणा र स्नेहको धर्म हो, आपसी मेलमिलापको धर्म हो ।

इस्लामीय निर्देशन अनुसार अल्लाह आफ्ना भक्तहरु मथि अति करुणावान छ । यो उसको करुणा नै हो कि उसले हामीहरुको लागि सूर्य, चन्द्र, आकाश, पृथ्वी, र जेजति यी दुवैको बीचमा छन् सबैलाई हाम्रो निम्ति सृष्टि गऱ्यो, ताकि हामी यी सबै वस्तुको उपभोग गरौं, यो सबै अल्लाहको कृपा एवं करुणाका प्रत्यक्ष प्रमाणहरु हुन् ।

र यो उसको करुणा नै हो जसले गर्दा उसले हरेक समुदायमा सचेतकर्ता पठायो ताकि त्यो सबैलाई नर्कको आगोबाट डराओस् , र सत्मार्ग सबैलाई बताओस् । अल्लाहलाई हामीसित यति स्नेह छ कि हामीलाई नर्कमा हाल्न चाहदैन तर यदि हामी आफै त्यसमा जान चाअन्छौं भने कुरो बेगलै छ । र मात्र यो होइन बरु इस्लाम आफ्नो अनुयायीहरुलाई एक आर्का सित प्रेम गर्ने आदेश दिन्छ, सबैमाथि उपकार गर्ने आदेश दिन्छ, र जनावर माथि पनि दया गर्ने आदेश दिन्छ ।

र यस्तै यो धर्मलाई ल्याउने सन्देष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम साक्षात दया थिए । अल्लाहको फर्मान छ :

अर्थ : ( हे मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम ) हामीले तपाईलाई सम्पूर्ण जगतको लागि सर्वथा दयाको प्रतीक बनाएर पठाएका छौं । ( सूरतुल् अम्बिया १०७ )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

अर्थ : (हे मानिसहरू हो !) तिमीहरूको माझमा तिमीहरू मध्येबाटै एउटा पैगम्बर आएका छन् । तिम्रो पीडाबाट उनी दुःखी हुन्छन् र तिम्रा भलोको निम्ति चिन्तित रहन्छन्, र ईमानवालाहरूलाई निकै माया गर्ने र दयालु छन् । ( सूरतुत्तौबः १२८ )

र यस्तै यस धर्मको ग्रन्थ पनि सर्वथा दया र पथप्रदर्शक एवं शिफा ( उपचार ) हो, अल्लाहको भनाई छ :

अर्थ : हे मानिसहरू ! तिम्रो समीपमा पालनकर्ताको तर्फबाट उपदेश र हृदयका रोगहरूका निम्ति उपचार र मोमिनहरूको लागि मार्गदर्शन र वरदान आइपुगेको छ । ( सूरतु यूनुस ५७ )

अर्थात यो धर्म सर्वथा दया हो, यस धर्मको स्रष्टा करुणावान छ, यस धर्मलाई ल्याउनेवाला नबी पनि साक्षात दया थिए, र यस धर्मको ग्रन्थ एवं सम्पूर्ण निर्देशनहरु दयामय र प्रभावशाली छन्, यसका अनुयायीहरु एक आर्कासित दयाभाव राख्छन् । कस्तो राम्रो रहेछ यो धर्म इस्लाम ।

यो धर्म आर्कामाथि दया गर्ने आदेश दिन्छ । साना ठूला, छरछिमेकी, चरा पखेटा, जीव जन्तु, आदि माथि दया गर्ने आदेश दिन्छ । र यस्को साथ साथै क्षमा गर्ने पनि आदेश दिन्छ, जसरी कसैबाट कुनै त्रुटि भएमा क्षमा गर्नु हुन्छ भने तपाई अल्लाहको निकटेतम् भक्त भइहाल्नु हुन्छ । इस्लाम हामीलाई यस्तो शुभ संदेश सुनाउँछ कि अल्लाह क्षमाशील र दयावान छ र क्षमा गर्नेहरु र दया गर्नेहरुलाई मनपराउँछ । र जसले कुनै आर्को मान्छेलाई क्षमा गर्छ अथवा कसैमाथि उपकार गर्छ त्यो मान्छे सत्यनिष्ठहरु मध्येको भई हाल्छ । रसूल सल्लल्लाहो अलैहे वसल्लम भन्नु हुन्छ :

अर्थ : जसले दया गर्दैन त्यसमाथि पनि दया गरिदैन । (मुस्लिम )

र यो अल्लाहको दया नै हो कि अल्लाह अत्याचारीहरुलाई दण्डित गर्छ । अल्लाहको आदेश छ कि चोरी गर्ने व्यक्तिको हात काटियोस्, र व्यभिचार गर्नेहरुलाई कोर्रा लगाइयोस् वा ढुंगा हानी,हानी मारियोस्, र मदिरा सेवन गर्नेहरुलाई कोर्रा लगाइयोस् ।

यदि अपराधी दण्डित हुदैन भने समाजमा विगार उत्पन्न भइजान्छ, र एक आर्कामाथि अत्याचार हुन्थाल्छ । यसै कारण अल्लाहले अत्याचारीलाई दण्ड दिने आदेश दिएको छ, र यसै दण्डमा उसको दया नीहित छ । हे बुद्धिजीविहरु विचार गर, र समस्त ब्रम्हाण्डको स्रष्टामाथि ईमान ल्याऊ, र दीन दुःखीको सहायता गरी आफ्नो

पालनकर्ताको प्रसन्नता प्राप्त गर, र सबैमाथि दया गरी आफ्नो स्रष्टाको दयाको पात्र बन ।

यस्तै इस्लाम एउटा संतुलित र माध्यमिक धर्म हो, यसका निर्देशनहरु नत धेरै अप्ठ्यारो कष्टदायक छन् नत अनुचित घृणा योग्य बरु यी दुवैको बीच संतुलित छन् ।

कतिपय धर्ममा धेरै कठोरता र क्रुरता छ जस्तो यहूदी धर्ममा यो निर्देश थियो कि यदि लुगामा अथवा शरीरमा अपवित्र कुरा लागेको अवस्थामा त्यस लुगा अथवा शारीरिक अंगलाई काट्ने आदेश थियो । र ईसाई धर्ममा तुच्छ कार्यहरु जस्तो कि मदिरा सेवन सुंगुरको मासु आदि वैध थियो । तर इस्लाममा नत तुच्छ कार्यहरु जस्तो मदिरा सेवन आदि वैध छ, नत अपवित्र कुरा लागे पश्चात पवित्र गर्नुको लागि त्यसलाई काट्नु पर्छ बरु त्यसलाई पानीले धोई पवित्र गर्न सकिन्छ । अर्थात इस्लाम कठोरता र तुच्छता बीच जुन मध्यमार्ग छ त्यसैमा हिंड्ने आदेश दिन्छ । अल्लाहको भनाई छ :

अर्थ : हामीले यस्तै तिमीहरुलाई मध्यमार्गी समुदाय बनाएका छौं । ( सूरतुल् बकरः १४३ )

र इस्लाम प्रत्येक क्रियाकलापमा बीचको मार्गलाई स्वोँचता प्रदान गर्छ । र कठोरता एवं अल्छीपना र निन्दनीय कुराबाट मनाही गर्छ । यहूदीहरुले अल्लाहमाथि मिथ्यारोपण गरे र भने कि अल्लाहलाई आकाश र पृथ्वी सृष्टि गरे पश्चात थकाई लाग्यो र त्यसले शनीबारको दिन विश्राम गर्‍यो । र यस्तै भने कि अल्लाहको हात बाँधिएका छन् । यस्तै ईसाईहरुले ईसालाई अल्लाहको साझीदार

ठहराए र भने कि ईसा अलैहिस्सलाम अन्नदाता हुन्, जीवन मृत्यु उनैको हातमा छ, दण्ड र प्रतिफल दिने सामर्थ्यवान हुन्....आदि । अर्थात दुवै धर्मका अनुयायीहरुले अल्लाहमाथि मिथ्यारोपण गरे र त्यो कुराहरु गरे जसको बारेमा उनीहरुलाई ज्ञान थिएन, र उनीहरु समीप यसको कुनै प्रमाण थिएन । र यस्तै अरु धर्मावलम्बीहरुले पनि अल्लाहमाथि मिथ्या कुरा गरे, कसैले अल्लाहको आकार बनाए, त कसैले सृष्टि मध्ये कसैलाई आफ्नो पूज्य बनाए , त कसैले तीन ईश्वरमा आस्था राखे, त कसैले नबी,वली एवं स्वर्गदूतलाई नै आफ्नो पूज्य बनाई उनको पूजा अराधना आरम्भ गरे ।

तर इस्लामलाई मान्नेहरुले बीचको मार्ग अपनाए, किनकी अल्लाहले यसैको आदेश गरेको छ । अल्लाहको बारेमा मुसलमानहरुको आस्था छ कि त्यो अल्लाह मात्र एक छ, त्यसको कुनै आकार कसैलाई थाहा छैन त्यो निराकार छ , त्यसलाई थकाई लाग्दैन .....आदि । अल्लाहको फर्मान छ :

अर्थ : तपाई भनिदिनुस् कि त्यो अल्लाह एक छ । अल्लाह निरपेक्ष छ । नत उसबाट कोही जन्मेको छ, न ऊ कसैबाट जन्मेको छ । र न कोही उसको समकक्ष छ । ( सूरतुल् इख्लास १-४ )

र यस्तै मुसलमानहरु भलाईको आदेश दिन्छन् र कुकर्मबाट मनाही गर्छन् । अल्लाहको फर्मान छ :

अर्थ : (मोमिनहरू हो !) मानिसहरूका लागि पैदा गरिएको सबै सम्प्रदायहरू मध्ये तिमीहरू सबैभन्दा उत्तम

हौ किनकी सत्कर्म गर्न भन्दछौ र दुष्कर्मबाट टाढा रहन सिकाउँदछौ र अल्लाहमाथि आस्था राख्दछौ र यदि अहले किताबले पनि आस्था राखेको भए तिनीहरूको निम्ति धेरै राम्रो हुने थियो । तिनीहरू मध्ये ईमानवालहरू पनि छन् र धेरै जसो अवज्ञाकारीहरू छन् । (सूरतु आले इमरान ११० )

अर्थात: इस्लाम आफ्नो अनुयायीहरुलाई मध्यमार्गमा अग्रसर रहने आदेश गर्छ, र त्यो सबै कार्यहरु जुन समाजलाई भ्रष्ट गर्छन् त्यसबाट रोक्छ, र त्यो सबै कुराहरु जुन समाजलाई र मनुष्यलाई लाभ पुऱ्याउँछन् त्यसलाई गर्ने आव्हान गर्छ ।

त हे पाठक विन्द ! तपाईहरु कहाँ भौतरिरहेका छौ, इस्लामलाई स्वीकार गरी आफूलाई नर्कको आगोबाट बचाऊ, र आफूलाई कष्टमा नपार । कुरआनका निर्देशनहरुको अध्यन गर र उसको प्रत्येक निर्देशलाई जाँचेर मात्र त्यसको अनुयायी बन, तर एक पाइला अगाडी त आऊ विचार गर्नुमा कुनै दोष लाग्दैन ।

हे मानवजाति ! अनफ्नो पालनकर्तालाई पहिचान, सम्भूति र असम्भूतिलाई पूजा नगर त्यसको पूजा गर जसले सबैलाई सृष्टि गऱ्यो र सबैलाई महाप्रलयको दिन एकत्रित पनि गर्ने छ, र सबैलाई उनको कर्मको प्रतिफल दिनेछ । त्यस दिन कसैमाथि एक कण बराबर पनि अन्याय गरिने छैन । त हे मानवजाति ! पापको बाटोलाई त्याग, र स्वर्गको बाटोमा लाग, र सत्य धर्म इस्लामलाई अंगीकार गरी स्वर्गमा बासस्थान बनाऊ जसमुनि खोलाहरु बीगरहेका हुनेछन् र तिम्रो लागि अप्सराहरु हुनेछिन्, ठूला

ठूला आँखा र वक्षवाली, मोती जस्तो टल्कनेवाली, र अरु अनेकौं अनुकम्पाहरु हुन्छन् । हे मनुष्य संसारिक मोह मायालाई त्याग, संसारिक जीवन त खेलतमाशा हो, बाँकी रहिरहने सदाको जीवन त परलोकिक जीवन नै हो त्यसको लागि कर्म गर कि आफ्नो पालनकर्ताको दया पाउन सक ।

र यस्तै इस्लम समानताको धर्म पनि हो, यस धर्ममा सबै समान छन् । यस धर्ममा कुनै छूवाछूत छैन, अल्लाहको दृष्टिमा चाहे राजा होस् वा प्रजा, अमीर होस् वा गरीब सबै एकनास छन् कसैलाई कसैमाथि श्रेष्ठता एवं प्रधानता प्राप्त छैन यदि कुनै मान्छे श्रेष्ठ छ भने मात्र आफ्नो कर्मले । अल्लाहको भनाई छ :

अर्थ : हे मानिसहरू ! हामीले तिमीहरू सबैलाई एउटै पुरुष र एउटी स्त्रीबाट सृष्टि गऱ्यौं र तिमीलाई जातविरादरी र कबिलाहरू (समूहरू) को रूप दियौं, ताकि तिमीले एक अर्कालाई चिन्न सक । (वास्तवमा) अल्लाहकहाँ तिमीमध्ये सर्वाधिक प्रतिष्ठित त्यो हो जो कि तिमीहरूमध्ये (अनुचित कर्मबाट) बढी भय गर्नेवाला हुन्छ ( मुत्तकी हुन्छ ) । निश्चय नै अल्लाह सबै कुरा जान्दछ, ऊ सर्वज्ञ छ । ( सूरतुल हुजुरात १३ )

र यस संसारका अन्तिम दूत मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमले आफ्ना साथीहरुलाई सम्बोधित गर्दै भन्नु भयो कि “ कसै गोरालाई कसै कालामाथि कसै अरबलाई कसै गैर अरबमाथि कसै समृद्धलाई कसै निमुखामाथि कुनै

प्रधानता छैन, यदि प्रधानता छ त केवल अल्लाहसित अधिक डर मान्नेहरुलाई ” ।

त हे प्रिय पाठकहरु ! यस संसारमा अनेकौं धर्म छन् जसमा एक समूहलाई आर्कामाथि श्रेष्ठता प्रदान गरिएको छ, यहूदीहरु आफूलाई यस धरतीमा अल्लाहको प्रतिनिधि भन्छन् र आफूलाई अल्लाहका छोराहरु भन्छन्, र यो भन्छन् कि सम्पूर्ण सृष्टि उनीहरुका दास हुन । र ईसाईहरुमा उनीहरुका धर्मगुरुहरु आफूलाई अरु अनुयायीहरु भन्दा प्रतिष्ठित एवं प्रधान मान्छन् । र हिन्दु धर्ममा सबैलाई थाहा छ कि मानवको वर्गीकरण गरिएको छ, ब्रह्मण शुद्र भन्दा उत्तम र श्रेष्ठ भनिएको छ । अर्थात अधिकतम् धर्महरुमा समानताको व्यवहार छैन, तर इस्लाम एउटा यस्तो अनोठो धर्म हो जसले सबैलाई समानता दिन्छ र स्वत्रंता पनि ।

इस्लामको हरेक निर्देशनमा समानताको झलक देखिन्छ र सबै भन्दा ठूलो उदाहरण इस्लामी पूजा नमाज हो,जसमा अमीर गरीब, राजा प्रजा, गोरो कालो, सानो ठूलो, सबै एउटै पंक्तिमा एकै साथ उभी नमाज कायम गर्छन्, र यो एक दिनमा ५ पटक हुन्छ ।

**आर नल्ड र वाइन बी**ः भन्नु हुन्छ “ मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमले इसलामको माध्यमबाट मानवलाई रङ्ग रुपको भेदभाव सित मुक्त गरी भेदभावको अन्त गरिदिनु भयो, कुनै धर्मलाई यस्तो प्रगति र सफलता मिलेन जस्तो मुहम्मदको धर्मलाई मिल्यो, आजको संसार

जुन शान्तिको खोजीमा छ त्यो मात्र मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको निर्देशनद्वारा नै पूर्ण हुन सक्छ ” ( civilization on trial pub-1948 )

हे प्रिय पाठक ! मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमले त नमाजको अव्हानकर्ता ( अजान दिने मान्छे ) नेग्रो हजरत बिलाललाई नियुक्त गर्नु भयो, हजरत बिलाल रजीअल्लाहो अन्हो कअ्बा माथि चढी नमाजको लागि अव्हान गर्नु हुन्थ्यो । र इस्लामको शक्तिको रहस्य समानता नै हो, इस्लामले समृद्धलाई दान दिने आदेश दियो, र गरीब दीन दुःखी निमुखाको हेरचाह गर्ने आदेश गऱ्यो ताकि आपसमा प्रेमको सृजना होस् र समाजको कल्याण भइजाओस् ।

तर कतिपय जना यो भन्छन् कि इस्लाममा पुरुष र स्त्रीमा समानता छैन । तर यस्तो भन्नेहरु मूर्ख छन् यदि उनीहरुलाई ज्ञान हन्थ्यो भने यस्तो कदापि भन्दैनथे, उनीहरुलाई समानताको परिभाषा नै थाहा छैन ।

तपाई मलाई यो बताउनुस् कि स्रष्टालाई अधिक ज्ञान हुन्छ वा स्रष्टिलाई ? तपाईको के उत्तर हुन्छ आफै जवाफ दिनुस् ।

यस कुरालाई उदाहरणद्वारा बुझ्नुस् ! यदि मेरो दुई छोराहरु छन् र दुवै तीन तीन विषय पढदै छन् १ इन्गालिश, २ विज्ञान, ३ गणित । अब एउटाको अंकहरु निम्न छन् इंगलिश २५,गणित २५, विज्ञान ५०, पूर्ण अंक १०० । र आर्काको अंक यस्तो छ विज्ञान २५, इंगलिश ३५,

गणित ४०, पूर्ण अंक १०० । के दुवैको श्रेणी समान छैन ? विषयहरुमा भिन्नता भए पनि कुनै स्कूल त्यसको श्रेणीलाई भिन्न गर्न सक्दैन । यस्तै अल्लाहले कुनै क्षेत्रमा पुरुषलाई अधिक महत्व दिएछ र कुनै क्षेत्रमा महिलालाई अधिक महत्व दिएछ अन्तमा दुवैको श्रेणी एउटै हुन्छ ।

हे मानवजाति तिम्रो सोचाई कस्तो छ हाम्रो सृष्टाले नै पुरुष एवं स्त्रीलाई सृष्टि गऱ्यो, अनि उनीहरुको अवस्थाबारे हामी भन्दा अधिक उसैलाई थाहा छ जसले सृष्टि गरेछ, पुरुषको क्षमता अनुसार उसलाई कार्य गर्ने आदेश गरियो, र स्त्रीको क्षमता अनुसार त्यसलाई कर्म गर्ने आदेश दिइयो, बरु इस्लाममा स्त्रीलाई जुन दर्जा मिले छ कुनै आर्को धर्ममा यसको आधा पनि मिल्दैन ।

हे मानवजाति ! के तिमी यो चाहन्छौ कि पुरुष पनि प्रस्वपीडाको स्वाद चाखुन्, तिमीलाई के भएछ ? तिमी किन विचार गर्दैनौ ? प्राकृतिक दृष्टिकोणले जुन कार्य जसकोलागि उचित छ त्यही त्यसको लागि निर्धारित गरिएको छ यसमा कुनै असमानता छैन । हे भाइहरु कोही छ जुन विचार गरोस् ।

र जसले पनि इसलामीय निर्देशनहरुमा चिन्तन मनन् गर्छ उसलाई इस्लामका हरेक निर्देशनहरुमा समानताको दर्शन हुनेछ । अत्याचारीलाई दण्डित गर्नु, हानिकारक वस्तुलाई वर्जित गर्नु, ठूलाको आदर र सानामाथि दया गर्नु, ....आदि यो समानता हाइन त अरु के हो ?

हे पाठक प्रिय ! त्यो इस्लाम नै हो जसले सम्पूर्ण संसारलाई आफ्नो निर्देशनद्वारा अचम्म चकित पाऱ्यो, र

अरबहरु जुन एक आर्कासित युद्धरत थिए एक बनाई दियो, र सारा संसारलाई समानताको यस्तो पाठ पढ्ायो कि पूर्ण संसारमा घृणा गरिएका मानिसहरु त्यसै समाजमा जहाँ उनीसित घृणा र हेलना गरिन्थ्यो वहाँका हाकिम भइहाले, यो इस्लामी प्रभावकारी निर्देशनको कमाल नै थियो ।

हे भाइहरु ! इस्लामलाई अपनाई इस्लामी समानताको रसस्वादन गर, र समानतालाई पूर्ण संसारमा फिजाऊ, कि यसैमा पूरा संसारको कल्याण नीहित छ र लोक परलोकको सफलता पनि ।

र यस्तै इस्लाम सर्वव्यापी धर्म पनि हो, अल्लाहले कुरआनमा अधिकांश ठाउँमा “ **या अइयोहन्नास** ”को शब्द द्वारा सम्बोधित गरेको छ यसको अर्थ हो: हे मानवजाति, हे मानिसहरु आदि, उदाहरण स्वरूप निम्न आयतहरुमा हेर्नुस् ।

सूरतुल् अअ्राफ : ( १५८ )
सूरतु यूनुस : ( २३,५७,१०४,१०८ )
सूरतुल् हज्ज : ( १,५,४९,६३ )
सूरतुन् नमल : ( १६ )
सूरतु लुकमान : ( ३३ )
सूरतुल् फातिर : ( ३,५,१५ )
सूरतुल् हुजुरात : ( १३ ) ..........आदि ।

अल्लाहले सम्पूर्ण जगत बासीलाई सम्बोधित गर्ने कारण यही नै हो कि इस्लाम अरु धर्महरु जस्तो कुनै वर्ग र जातिको लागि सीमित हैन बरु समस्त संसारको लागि अन्तिम उपदेश हो । र यस धर्मलाई ल्याउने सन्देष्टा

अन्तिम सन्देष्टा हुन्, र सम्पूर्ण सन्देष्टाहरुको समापक हुन् । र उनीमाथि अवतरित गरिएको ग्रन्थ अन्तिम र सर्वव्यापी ग्रन्थ हो, यो ग्रन्थ सबैको मार्गदर्शक र पथप्रदर्शक हो ।

इस्लाम धर्म मात्र मुसलमानहरुको धर्म होइन बरु सम्पूर्ण ब्रह्माण्डको यो नै सत्य धर्म हो, यसैमा आस्था राखी हाम्रो कल्याण हुन सक्छ । कुनै देवी, देवता, नबी, वली, पीर, फकीर, मूर्ति, चिहान......आदिलाई पूजी हाम्रो कल्याण हुन सक्दैन, हाम्रो कल्याण केवल एक अल्लाहको पूजा गरी हुन सक्छ । अल्लाह कुरआनमा भन्छन् :

अर्थ : हे नबी तपाईले भनिदिनुस् : “हे मानिसहरू ! म तिमीहरू सबैको लागि त्यस अल्लाहबाट पठाइएको रसूल हूँ जो आकाशहरू र धर्तीको राज्यको स्वामी हो । उस बाहेक कोही सत्य पूज्य छैन, उसैले जीवन प्रदान गर्दछ र उसैले प्राण लिन्छ । तसर्थ अल्लाह माथि ईमान ल्याउ र उसका नबी उम्मीमा, जो स्वयं अल्लाह तआला र उसका आदेशमा आस्था राख्दछन् । उनको अनुशरण गर ताकि तिमी (सही) मार्ग पाउन सक ।” ( सूरतुल् अअ्राफ १५८ )

हामीलाई यस आयतबाट ( श्लोकबाट ) यो ज्ञान हुन्छ कि यो धर्म सम्पूर्ण जगतको लागि अवतरित गरिएको छ र यो नै सत्य मार्ग हो । यसमा हिंडी स्वर्ग सम्म पुग्न सकिन्छ, र यो धर्म स्रष्टाको धर्म हो जसले समस्त सृष्टिलाई यस धरतीमा फिजाएको छ ताकि यो हेरोस् कि को छ जसले उसको अन्तिम सन्देष्टाको अनुशरण गर्छ ? को छ जसले उसको धर्मको अनुशरण गरी उसको आभार

प्रकट गर्छ ? हे भाइ कुरा बुझ र सुमार्गमा हिंडी आफूलाई नर्कबाट बचाऊ र स्वर्गमा जाने प्रयत्न गर, नत्र यस्तो न होस् कि जीवनको अन्त भइजाओस् अनि फेरि पछुतो हुनाले केही लाभ मिल्दैन । तसर्थ आजै इस्लामलाई अङ्गीकार गरी आफ्नो पालनकर्तालाई प्रसन्न गरी स्वर्गलाई प्राप्त गर ।

र यस्तै यो धर्म शान्तिको धर्म हो, इस्लामको अर्थ नै **शान्ति** हो, जो पनि यसमा प्रवेश गर्छ शान्ति नै शान्ति पाउँछ। र मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम शान्ति दूत हुन्। कुरआन शान्तिको सन्देश हो। यदि कसैलाई अनन्त शान्तिको खोज छ भने त्यो इस्लामलाई अङ्गीकार गरोस् परम् शान्तिको आनन्द मिल्छ। यस धर्ममा त शान्ति नै शान्ति छ। अल्लाहले संसारमा कर्म गर्ने आदेश दिए छन् ताकि परलोकमा शान्ति मिलोस्, र समस्त कुकर्मबाट रोकेको छन् ताकि यस लोकमा शान्ति मिल्नुको साथ साथै प्रलयको दिन कष्टदायक सजायबाट मुक्ति मिलोस्।

तर कतिजना इस्लामलाई न जानी भूझिकन् आतंकवादको धर्म भन्छन्। तर उनीहरुलाई इस्लामबारे कुनै ज्ञान छैन, इस्लाम त आतंकबाट मनाही गर्छ। अल्लाहको फर्मान छ :

अर्थ : जुन मानिसहरूले तिमीसित धर्मको बारेमा युद्ध गरेनन् र न तिमीलाई तिम्रा घरहरूबाट निष्कासित गरे, उनीहरूसँग राम्रो र न्यायपूर्ण व्यवहार गर्नबाट अल्लाहले तिमीलाई मनाही गर्दैन। अपितु अल्लाहले त न्याय गर्नेहरूसँग प्रेम गर्दछ। अल्लाहले ती मानिसहरूसँग मात्र

तिमीलाई मित्रता गर्नबाट मनाही गर्दछ, जसले तिमीसित धर्मको बारेमा लडाई गरे, र तिमीलाई तिम्रा घरहरूबाट निष्कासित गरे र तिम्रो निष्कासनमा अरुको सहायता गरे । तसर्थ जुन मानिसहरूले यस्ता मानिसहरूसँग मित्रता गर्छन्, तिनै अत्याचारी हुन् । ( सूरतुल् मुमतहिना ८,९ )

र रसूल सल्लल्लाहो अलैहे वसल्लमको भनाई छ : " हत्या गर्नु महा पाप हो " ( बुखारी, मुस्लिम )

र मुसलमानहरुलाई मनुष्य त मनुष्य जनावरहरु प्रति पनि दयाभावना देखाउन प्रेरित गरिएको छ । जस्तो कि एउटा ठूलो हदीसमा वर्णन छ कि एउटी युवतीलाई एउटा बिरालोलाई दुःख दिनुको कारणले सजाय भयो, र एउटी आईमईलाई एउटा कुकुरलाई पानी खुवाउनुको कारण स्वर्ग मिल्यो । ( बुखारी, मुस्लिम )

यस्तै धेरै निर्देशनहरु छन् जसबाट यो प्रष्ट हुन्छ कि जनसाधारणलाई भयभीत गर्नु , अथवा आतंकित गर्नु, धन सम्पत्तिलाई क्षति पुऱ्याउनु, बम बिस्फोट गरी सर्वसाधारणको ज्यान लिनु यो सबै अवैध छन् । र यस्तो हिंसापूर्ण गतिविधिहरुसंग इस्लामको कुनै सम्बन्ध छैन । र जसले पनि कुनै निर्दोषको ज्यान लिन्छ त्यो मोमिन होइन, आस्थावान होइन ।

र जुन इस्लामलाई बदनाम गर्ने कार्य मीडियामा चलिरहेछ त्यो निराधार छ । इस्लाम विरोधीहरु इस्लामलाई बदनाम गर्नुको लागि मुसलमान जस्तो लुगा लगाई यस्ता गतिविधिहरु गर्छन् ताकि इस्लाम बदनाम होस् । मैले **जामिया सिराजुल उलूम अस्सलफीया कृष्नानगर नेपाल**

नामक मदरसामा  अध्यन गर्ने समय कतिपय यस्ता घटनाहरु हेरेको छु, यो मदरसा नेपाल र भारतको सीमामा स्थित छ यसै कारण त्यहाँ अमानवीय गतिविधिहरु हुँदैरहन्छ तात्पर्य यो कि मैले आफ्नो आँखाले हेरेछु कि गैर मुस्लिमहरु मुस्लिमको लुगा लगाई सीमा क्षेत्रमा गैर कानुनी गतिविधि गरिरहेछन् मात्र मुसलमानहरुलाई बदनाम गर्नुको लागि ।

प्रिय पाठकहरु ! सत्य त यो हो कि संसारवालाहरु इस्लामको आतंकबाट भयभीत छैनन् बरु इस्लामको सत्यता, न्याय, र सफलताबाट भयभीत छन् । यूरोप अमेरिकामा जति तिब्रता र निरंत्रताले फैली रहेछ त्यसबाट भयभीत छन् । इस्लामको जादू समस्त सृष्टिमाथि प्रभाव पारी रहेछ त्यसबाट भयभीत छन् । अनि केही न बन्दा इस्लामलाई बदनाम गर्न खोजेका छन् तर “ जाको राखे साईयाँ मार सके न कोइ ” यो कबीरदासको कथन इस्लाममाथि पूर्णतय सत्य भइजान्छ । यस इस्लामलाई विरोधीहरु जति बदनाम गर्न प्रयास गर्छन् त्यति नै प्रकाशमान हुँदैगएको छ । जस्तो कि अल्लाहको भनाई छ :

अर्थ : उनीहरू चाहन्छन् कि अल्लाहको प्रकाशलाई आफ्नो मुखले निभाइदिउन्, तर अल्लाह आफ्नो प्रकाशलाई पूर्ण नगरि छाड्ने छैन, चाहे इन्कार गर्नेहरूलाई जतिसुकै अप्रिय लागोस् । उसैले आफ्नो रसूललाई मार्गदर्शन र सत्य धर्म सहित पठाएको छ ताकि यसलाई अरु अन्य धर्महरूमाथि अधिपत्य प्रदान  गरोस् । यद्यपि मुश्रिकहरूलाई नराम्रो लागोस् । ( सूरतुत्तौबः ३३,३४ )

त हे भाइ इस्लाम सर्वव्यापी धर्म हो यो समस्त संसारमा फैलेर नै रहन्छ चाहे यसको विरोधीहरु जति जतन किन नगरुन् ।

हे प्रिय पाठक ! यदि तपाईलाई अनन्त स्वर्गको प्राप्तिको इच्छा छ र वास्तविक आनन्द र अन्तरिक शान्ति चाहिन्छ भने एक अल्लाहको उपासना अराधना तर्फ लाग, र इस्लामलाई अङ्गीकार गर, र मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको निर्देशन अनुकूल आफ्नो जीवन व्यतीत गर्ने प्रयत्न गर । तत पश्चात तिमीलाई स्वर्गको उत्तराधिकारी बनाइन्छ जसको वस्तुहरुको बारेमा नत कुनै कानले सुनेछ नत कुनै आँखले हेरेको छ नत कुनै हृदयले कल्पना नै गर्न सक्छ । त हे सर्वश्रेष्ठ सृष्टि मानवजाति आफ्नो पूज्यलाई पहिचान र मात्र त्यसैको अराधनामा संलग्न होऊ ।

यस्तै इस्लाम धर्म मेलमिलापको धर्म हो, सुख दुःखमा एकआर्काको सहायता गर्ने निर्देशन दिनेवाला धर्म हो, जुन मान्छे पनि इस्लामीय निर्देशनहरु माथि विचार गर्छ त्यसलाई यो सत्यता थाहा भइहाल्छ । इस्लामले जकात ( धर्मादय) दिने आदेश यस कारण दिएको छ कि यसमा गरीब निमुखाहरुको हित नीहित छ, यसबाट अमीर गरीबमा प्रमको सृजना हुन्छ, र समाजमा मेलमिलाप प्रेमभावलाई प्रोत्साहना मिल्छ, स्नेह सदभावको सृजना हुन्छ । र समृद्ध र निमुखाहरु बीच जुन दरार र आवरण छ त्यसलाई यो पूरीदिन्छ, र समाजलाई शान्ति र उन्नति तर्फ अग्रसर गर्छ ।

इस्लाममा चाहे दान होस् अथवा नमाज वा हज्ज होस् अथवा ब्रत होस् सबै उपदेश एवं कार्यहरुमा आपसी मेलमिलापको उद्देश्य पाइन्छ, र एक आर्काको सहायता र आदर गर्नू तर्फ आमन्त्रण पाइन्छ । नमाज पढ्दाखेरि पाइलादेखि पाइला मिलाउँदाखेरि हृदय मिली हाल्छन् । ब्रत बस्दा असहाय गरीब भुको मान्छेहरुको अवस्था थाहा पाइन्छ अनि हृदयमा दया जाग्रुक हुन्छ । र हज्ज गर्दा एउटै समयमा एउटै ठाउँमा एकनास लुगा लगाएर एउटै मन्त्र एउटै स्वरमा एकैसाथ पढदा समानता र मेलमिलापको वास्तविक रसस्वादको आभास हुन्छ । अर्थात इस्लामका सम्पूर्ण निर्देशनहरु र क्रियाकलापहरु आपसी मेलमिलाप स्नेह र प्रेमको प्रतीक हुन् , के कुनै बुद्धिमान यस्तो धर्मलाई नकार्न सक्छ ? कदापि नकार्न सक्दैन बरु त्यो मूर्ख नै हुन्सक्छ जसले यस्तो धर्मलाई नकारोस् ।

# सादर अनुरोध

हे प्रिय पाठकहरु ! यो सानो पुस्तकमा जुन वर्णन गरिएको छ त्यसलाई ध्यानपूर्वक सोचनुस् र विचार गरी सत्मार्गलाई अपनाउनुस्, यदि यसलोक र परलोकको कल्याण एवं शान्ति चाहनु हुन्छ भने सोझो मार्ग इस्लामलाई अपनाई उसै बमोजिम हिंड्नुस् किनकी यही नै स्रष्टाले अवतरित गरेको मार्ग हो, र यो धर्म नै सर्वव्यापी धर्म हो ।

यो संसारका सम्पूर्ण धर्महरुलाई हेर्दाखेरी यो लाग्छ कि केवल इस्लाम नै सर्वोत्तम र सर्वमान्य एवं सर्वव्यापी धर्म हुन सक्छ ।

हे मानवजाति ! इस्लाममा शम्मिलित भइहाल, र यसलाई अङ्गीकार गर्नुमा कुनै पंडित र मोलवी एवं धर्मगुरु चाहिन्न बरु आफ्नो हृदयले पूर्ण विश्वास एवं आस्थाको साथ **लाइलाहा इल्लल्लाह, मुहम्मदुर्रसूलुल्लाह** भन्ने बित्तिकै कुनै व्यक्ति पनि मुस्लिम भइहाल्छ, यस मन्त्र (श्लेक)को अर्थ हो **अल्लाह बाहेक कुनै सत्य पूज्य छैन, र मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम उसको संदेशवाहक हुन्** ।

तत पश्चात यो आस्था पनि राख्नु कि कुरआन अल्लाहको साक्षात वाणी हो, र मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि अवतरित गरिएको अन्तिम ग्रन्थ हो, र अल्लाहका सबै संदेष्टाहरु माथि आस्था राख्नु साथै फरिश्ताहरु मथि पनि, र यो आस्था राख्नु कि उनीहरु

हामी जस्तै सृष्टि हुन् र उनीहरुलाई अल्लाहले नूर ( प्रकाश ) बाट जन्माए छ, र प्रलयको दिनमाथि आस्था राख्नु एवं भाग्यमाथि पनि आस्था राख्नु कि जे पनि घटित हुन्छ सबै अल्लाहले निर्धारित गरेका भाग्य बमोजिम नै घटित हुन्छ ।

अन्तमा मेरो अल्लाह सित के प्रार्थना छ भने म यही विन्ती गर्छु कि हे अल्लाह हाम्रा समस्त पाठकहरुलाई मार्गदर्शन गर, र सबैलाई आफ्नो दयाको पात्र बनाऊ र सबैलाई स्वर्गको बाटो देखाऊ । सबैको त्रुटिलाई क्षमा गर, र सबैलाई इस्लाम स्वीकार गर्ने सौभाग्य प्रदान गर, र सबैलाई नर्कको यातनाबाट बचाइहाल ।

**हे हाम्रो पालनकर्ता** हामी मध्ये जुन विरामी छन् उनीलाई संचो पारिदेऊ, जुन निसंतान छन् उनीलाई आफ्नो कृपाले संतान प्रदान गर तेरो महिमा अपरम्पार छ, र हामी मध्ये जुन निमुखा निसहाय छन् उनीलाई आफ्नो अनुकम्पाबाट प्रदान गरी समृद्ध बनाइदेऊ, र उनको संकुचित अवस्थालाई आफ्नो कृपाले पवित्र रोजी देऊ र हाम्रो हृदयबाट संसारिक मोह मायालाई झिकी परलोकको माया सृजना गरिदेऊ, र हाम्रा पाइलाहरुलाई सत्मार्गमाथि सुदृढ गरिदेऊ ।

**हे पालनकर्ता** हामीलाई यस्तो सुकर्मको सुअवसर प्रदान गर जुन लोक परलोक दुवैमा हाम्रो निम्ति लाभदायक सिद्ध होस् र तिम्रो प्रसन्नताको कारण बनोस्, तिम्रो त्यो प्रसन्नता जसलाई प्राप्त गरी तिम्रा संदेष्टाहरु धन्य भए र स्वर्गको पात्र भए ।

हे पालनकर्ता हामी सबैलाई आफ्नो सत्यबाटो इस्लाम माथि चल्ने शक्ति एवं भक्ति प्रदान गरी स्वर्ग प्रदान गर । (आमीन)

# *समाप्त*

*लेखक*
**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**
**कपिलवस्तु नगर पालिका वॉड नं.९**
**महुवा तौलिहवा कपिलवस्तु**
**नेपाल**

Mob. No.00977-9847030780
00966-0501372254